नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

फोन नं. ४२००३१
Email:cdms.mofaga@gmail.c

पत्र संख्या:-वा.त.वि.व्य.शा./०७७/०७८
चलानी नं.:- २१८

मितिः२०७७/०९/१५

विषयः- आवश्यक जानकारी सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति (७७ वटै)।
श्री गाउँपालिका/नगरपालिका (७५३ वटै)।

नदीजन्य पदार्थको उत्खनन्, संकलन, उपयोग तथा विक्री वितरण सम्बन्धमा माननीय गृह मन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७।८।२३ मा बसेको बैठकको निर्णय र गृह मन्त्रालयबाट प्राप्त पत्रको छाँयाप्रति, उपरोक्त निर्णयमा द्विविधा निवारणको लागि यस मन्त्रालयबाट गृह मन्त्रालयमा लेखिएको पत्रको छाँयाप्रति र उक्त विषयमा गृह मन्त्रालयबाट प्राप्त प.सं. शा.सु.०७७।७८।५ च.नं. १९०९ मिति २०७७।९।१२ को पत्रको छाँयाप्रति समेत पाना-७ (सात) जानकारीको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(कृष्णप्रसाद हुमागाई)
शाखा अधिकृत

दर्ता नं - ११८
२०७७/९/१४

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्या:- शा.सु. ०७७/०७८/५
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-९६०९

सिंहदरवार,
काठमाडौं, नेपाल।
मिति: २०७७/०९/१२

विषय: निर्णय कार्यान्वयनमा उत्पन्न द्विविधा सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

उपर्युक्त विषयमा तहाँको च.नं. १९१ मिति २०७७।०९।०६ गतेको पत्र प्राप्त भयो । सो सम्बन्धमा माननीय गृह मन्त्री रामबहादुर थापा बादलज्यूको अध्यक्षतामा मिति २०७७/०८/२३ गते नदीजन्य पदार्थको उत्खनन्, संकलन, विक्री वितरण व्यवस्थापन र क्रसर तथा वालुवा प्रशोधन उद्योग सञ्चालन सम्बन्धमा सम्पन्न बैठकले गरेको निर्णय नं. ४ र ५ का सम्बन्धमा देहाय बमोजिम खुलाई पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

१. निर्णय नं. ४ मा "विना दर्ता/अनुमति सञ्चालित क्रसर तथा वालुवा प्रशोधन उद्योग बन्द गर्ने। दर्ता/अनुमति प्राप्त भएका तर मापदण्ड पुरा नगरेका उद्योगको हकमा उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय/सम्बन्धित स्थानीय तहले त्यस्ता उद्योगहरूबाट मापदण्ड पालनाको समयवद्ध कार्ययोजना सहितको प्रतिबद्धता लिई मनासिव माफिकको समयावधि दिई मापदण्ड पुरा गरेपछि मात्र उद्योग सञ्चालन गर्न दिने" रहेको, उक्त निर्णयानुसार दर्ता/अनुमति प्राप्त भएका तर निर्धारित दुरी लगायतका क्रसर उद्योग सञ्चालन गर्दा पालना गर्नु पर्ने दर्ता हुँदाका बखत उल्लिखित अन्य मापदण्ड पुरा नगरेका उद्योगको हकमा सोही निर्णयानुसार हुने तर अन्य सबै शर्त/मापदण्ड पुरा गरी दुरी सम्बन्धी मापदण्ड मात्र पुरा नगरेका र सञ्चालनमा रहेका क्रसर उद्योगहरूको हकमा ढुंगा गिटी तथा वालुवा उत्खनन् तथा विक्री व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ११ को उपदफा (९) बमोजिम कार्यान्वयन गर्न बाधा पर्ने नदेखिएको ।
२. निर्णय नं २ मा ढुंगा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को कार्यान्वयनमा देखिएका प्रक्रियागत तथा व्यवहारिक कठिनाई र समाधानका सम्बन्धमा बैठकबाट प्राप्त राय/सुझाव समावेश गरी आवश्यकता अनुसार सरोकारवालाहरूको थप राय सुझाव लिई विपद जोखिम न्यूनीकरणलाई ध्यानमा राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पन्ध्र दिन भित्र ढुंगा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी परिमार्जित

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु. ०७७/०७८/५

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

मापदण्डको प्रस्ताव मन्त्रिपरिषद् समक्ष पेश गर्ने निर्णय भएकोले तहाँबाट पेश हुने प्रस्ताव उपर नेपाल सरकार मन्त्रिपरिषदबाट निर्णय भए पछि सोही बमोजिम कार्यान्वयन हुने नै छ । साथै स्थानीय तहलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क ले दिएको अधिकार प्रयोग गर्न निर्णय नं. ५ मा उल्लिखित "हाल घाटगद्दिमा मौज्दात रहेको नदिजन्य पदार्थको परिमाण एकिन गरी बिक्री वितरणको अभिलेख राखे व्यवस्था मिलाई प्रशोधित/अप्रशोधित ढुंगा, गिट्टी, वालुवाको भईरहेको विक्री वितरणलाई निरन्तरता दिने" निर्णय कार्यान्वयनबाट कुनै बाधा नपर्ने व्यहोरा समेत अनुरोध छ ।

२०७७/०८/१२

(अमर दिप सुनुवार)
शाखा अधिकृत

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौं ।

फोन नं. ४२००३१६
Website: www.mofaga.gov
Email:cdms.mofaga@gma

प.सं.:-वा.त.वि.व्य.शा./०७७/०७८
च.नं.:- ९६१

मितिः २०७७/०९/०६

विषयः द्विविधा निवारण सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं,

प्रस्तुत विषयमा मिति २०७७/०८/२३ मा माननीय गृहमन्त्री राम बहादुर थापा "बादल" ज्यूको अध्यक्षतामा नदीजन्य पदार्थको उत्खनन्, संकलन, बिक्री वितरण व्यवस्थापन र क्रशर तथा बालुवा प्रशोधन उद्योग सञ्चालन सम्बन्धमा बसेको बैठकले गरेको निर्णयको सम्बन्धमा तहाँ मन्त्रालयको च.नं. १७०६, मिति २०७७/०८/२३ को पत्रको सम्बन्धमा देहाय बमोजिमका विषयले कार्यान्वयनमा द्विविधा उत्पन्न भएको हुँदा स्पष्टताका लागि मिति २०७७/०९/०२ को (मा. मन्त्रीस्तरिय) निर्णयानुसार अनुरोध छः

देहायः

१. मिति २०७७/०८/२३ को बैठकको निर्णय नं. ४ मा उल्लेख भए अनुरुप दर्ता अनुमति प्राप्त भएका तर दुरी सम्बन्धी मापदण्ड पुरा नगरेका क्रसर उद्योगलाई <u>मापदण्ड पुरा गरेपछि मात्र</u> सञ्चालन गर्न दिने विषय नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत "ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन् तथा बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७" को दफा ११ को उपदफा (९) मा उल्लिखित विषयसँग मेल खाने नदेखिएको ।

२. मिति २०७७/०८/२३ को बैठकको निर्णय नं. ५ मा "<u>हाल घाटगद्दीमा मौज्दात रहेको</u> नदिजन्य पदार्थको परिमाण एकिन गरी बिक्री वितरणको अभिलेख राख्ने व्यवस्था मिलाई प्रशोधित/अप्रशोधित ढुङ्गा, गिट्टी, बालुवाको भईरहेको विक्री वितरणलाई निरन्तरता दिने" भन्ने विषयले अब उप्रान्त स्वीकृत IEE र ठेक्का सम्झौताको शर्त भित्र रही उत्खनन् गरी घाटगद्दी गर्ने कार्यलाई अवरुद्ध गर्ने देखिएकोले यसबाट स्थानीय सरकारहरुको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क.ले दिएको अधिकारलाई वातावरण संरक्षण ऐन,२०७६ र वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम EIA वा IEE स्वीकृत गराई नेपाल सरकार (मन्त्रिपरिषद्) बाट जारी भएको मापदण्ड, २०७७ का प्रावधान एवम् EIA/IEE/BIA समेतको पालना गरी उपयोग गर्नमा समेत व्यवधान उत्पन्न हुन सक्ने देखिएको ।

(रीमु थपलिया)
शाखा अधिकृत

वा.त.व.व्य.२११
दर्ता नं - ९६
०७७/८/२५

०७७/७८ १४५२

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

दर्ता नं. ३२०९
२०७७/८/२५
मिति

पत्र संख्याः- शा.सु./०७७/०७८/०५
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १६०६

सिंहदरवार,
काठमाडौं, नेपाल।
मितिः २०७७/०८/२३

विषयः निर्णय पठाइएको सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री सहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।

प्रस्तुत विषयमा मिति २०७७/०८/२३ गते मंगलबार माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल'ज्यूको अध्यक्षतामा नदीजन्य पदार्थको उत्खनन्, संकलन, बिक्री वितरण व्यवस्थापन र क्रसर तथा बालुवा प्रशोधन उद्योग सञ्चालन सम्बन्धमा बसेको बैठकले गरेको निर्णयको छायाँप्रति कार्यान्वयनको लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७७/०८/२३
(सहदेव गौतम)
शाखा अधिकृत

सादर अवगतार्थः
मा. गृहमन्त्रीज्यूको निजी सचिवालय, गृह मन्त्रालय, सिंहदरवार।
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय, सिंहदरवार।

निर्णय

१. नदिजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री वितरण व्यवस्थापन, क्रसर तथा वालुवा प्रशोधन उद्योग सम्बन्धमा मिति २०७७।०७।२५ गते सम्पन्न बैठकको निर्णय कार्यान्वयन स्थितिको समिक्षा भयो ।

२. ढुंगा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को कार्यान्वयनमा देखिएका प्रक्रियागत तथा व्यवहारिक कठिनाई र समाधानका सम्बन्धमा बैठकबाट प्राप्त राय/सुझाव समावेश गरी आवश्यकता अनुसार सरोकारवालाहरूको थप राय सुझाव लिई विपद जोखिम न्यूनीकरणलाई ध्यानमा राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पन्ध्र दिन भित्र ढुंगा, गिट्टी, बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी परिमार्जित मापदण्डको प्रस्ताव मन्त्रिपरिषद् समक्ष पेश गर्ने । एकीकृत मापदण्डमा नदिजन्य पदार्थको उत्खनन्, संकलन, विक्री वितरण व्यवस्थापन, खानीजन्य उद्योग, क्रसर तथा बालुवा प्रशोधन उद्योगका लागि छुट्टाछुट्टै शर्त तथा मापदण्ड कायम गर्ने साथै हिमाल/पहाड तथा तराईका जिल्लाहरूका लागि दुरी सम्बन्धी छुट्टै मापदण्ड राख्ने ।

३. विपद जोखिम न्यूनीकरण, बातावरणीय संरक्षणलाई समेत ख्याल गरी नदिजन्य पदार्थको उत्खनन्, संकलन, उपयोग, विक्री वितरण व्यवस्थापन तथा नदिजन्य पदार्थमा आधारित विभिन्न उद्योग सञ्चालन सम्बन्धमा अधिकार सम्पन्न छुट्टै निकायबाट नदिजन्य पदार्थको उपयोग तथा समग्र व्यवस्थापन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस सम्बन्धी छुट्टै कानून निर्माणको प्रक्रिया सुरू गर्ने ।

४. विना दर्ता/अनुमति सञ्चालित क्रसर तथा वालुवा प्रशोधन उद्योग बन्द गर्ने । दर्ता/अनुमति प्राप्त भएका तर मापदण्ड पुरा नगरेका उद्योगको हकमा उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय/सम्बन्धित स्थानीय तहले त्यस्ता उद्योगहरूबाट मापदण्ड पालनाको समयबद्द कार्ययोजना सहितको प्रतिवद्दता लिई मनासिव माफिकको समयावधि दिई मापदण्ड पुरा गरे पछि मात्र उद्योग सञ्चालन गर्न दिने ।

५. हाल घाटगद्दिमा मौज्दात रहेको नदिजन्य पदार्थको परिमाण एकिन गरी बिक्री वितरणको अभिलेख राख्ने व्यवस्था मिलाई प्रशोधित/अप्रशोधित ढुंगा, गिट्टी, वालुवाको भईरहेको विक्री वितरणलाई निरन्तरता दिने ।

६. उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय खानी तथा भू-गर्भ विभागबाट पहिचान भएका ९२ वटा विभिन्न खानीजन्य उद्योग सञ्चालन सम्बन्धमा वन तथा वातावरण मन्त्रालय लगायत सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक इजाजत/अनुमति प्रक्रिया अघि बढाउने ।

७. नदिजन्य पदार्थको उत्खनन्, संकलन, विक्री वितरण व्यवस्थापनको जिल्ला अनुगमन समितिबाट प्रभावकारीरूपमा अनुगमन गर्ने । मापदण्ड विपरित सञ्चालन भएको पाइएमा कानून बमोजिम कारबाही गर्ने/गराउने ।

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२८
०१-४२११२१
फ्याक्सः ०१-४२११२८
०१-४२११२५
इमेल:control@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- शा.सु. ०७७/०७८/५
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १४३६

मितिः २०७७/०७/२५

विषयः निर्णय पठाइएको सम्बन्धमा ।

श्रीमान् सचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।

श्रीमान् सचिवज्यू,
वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्रीमान् सचिवज्यू,
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्रीमान् सचिवज्यू,
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्रीमान् सचिवज्यू,
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्रीमान् सचिवज्यू,
सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री प्रहरी महानिरीक्षकज्यू,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।

श्री सशस्त्र प्रहरी महानिरीक्षकज्यू,
सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, हलचोक, काठमाडौं ।

श्री मुख्य अनुसन्धान निर्देशकज्यू,
राष्ट्रिय अनुसन्धान विभाग, बरफवाग, काठमाडौं ।

उपर्युक्त विषयमा मिति २०७७/०७/२५ गते माननीय गृहमन्त्री राम वहादुर थापा 'बादल'ज्यूको अध्यक्षताभा नदिजन्य पदार्थको उत्खनन्, संकलन, उपयोग तथा विक्री वितरण सम्वन्धमा सम्पन्न वैठकको निर्णयको छायाँप्रति पाना १ (एक) आवश्यक कार्यान्वयनका लागि यसैसाथ संलग्न राखी तहाँ पटाइएको व्यहोरा आदेशानुसार सादर अनुरोध गर्दछु ।

(किशोर विश्वकर्मा)
शाखा अधिकृत

<u>सादर अवगतार्थः</u>
माननीय गृह मन्त्रीज्यूको नीजि सचिवालय, गृह मन्त्रालय ।
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय ।

नेपाल सरकार
गृह मन्त्रालय

निर्णय

१. नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्री वितरण र नदिजन्य पदार्थसँग सम्बन्धित क्रसर उद्योग तथा बालुवा प्रशोधन उद्योग सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने :

क. नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई हाल कार्यान्वयन भईरहेको ढुंगा, गिट्टी वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा रहेको कतिपय व्यवस्था कार्यान्वयनमा कठिनाई देखिएको, कतिपय व्यवस्था अव्यबहारिक देखिएको, अनुगमन व्यवस्थालाई थप प्रभावकारी बनाउनु पर्ने देखिएको तथा केहि विषय थप गर्नु पर्ने समेत देखिएकोले समग्र पक्षको विश्लेषण गरी सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले १५ दिन भित्र ढुंगा गिट्टी वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लाई परिमार्जन गर्ने ।

ख. हाल सञ्चालनमा रहेका क्रसर उद्योगहरूको सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा डिविजन वन कार्यालयको प्रमुख, जिल्ला प्रहरी कार्यालयको प्रमुख, घरेलु तथा साना उद्योग कार्यालयको प्रमुख, मालपोत कार्यालयको प्रमुख, नापी कार्यालयको प्रमुख र सम्बन्धित इञ्जिनियर सम्मिलित टोलीबाट तत्काल अनुगमन गरी क्रसर उद्योग विधिपूर्वक दर्ता भए/नभएको, उद्योग दर्ता हुँदाका बखत तोकिएको उद्देश्य अनुरूप सञ्चालन भए/नभएको, IEE स्वीकृत भए/नभएको, तोकिएको जग्गामा उद्योग सञ्चालन भए/नभएको, दर्ता हुँदाका बखत तोकिएका अन्य शर्त तथा मापदण्ड पालना भए/नभएको राजश्व, रोयल्टी वा तिर्नु बुझाउनु पर्ने सरकारी दस्तुर बुझाए/नबुझाएको लगायतको विवरण संकलन गरी सो को विवरण ७ दिन भित्र गृह मन्त्रालयमा पठाउन सबै प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिने ।

ग. राष्ट्रिय गौरवको आयोजना वा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा कुनै अन्य आयोजना प्रयोजनका लागि स्वीकृति लिई क्रसर सञ्चालन भएको भए सो को विवरण समेत पठाउन सबै प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिने ।

घ. विना दर्ता सञ्चालित क्रसर तथा बालुवा प्रशोधन उद्योग तत्काल बन्द गर्ने/गराउने ।

ङ. नदिजन्य पदार्थमा आधारित उद्योग तथा स्थानीय तहबाट ठेक्का लगाइएका नदिजन्य पदार्थको उत्खनन् संकलन तथा बिक्री वितरणको प्रभावकारी रूपमा अनुगमन गरी निर्धारित मापदण्ड विपरित सञ्चालनमा रहेको पाइएमा कारवाही गर्ने ।